# तिनाउ गाउँपालिका
## Tinau Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
दोभान, रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या / Letter No.: २०८०/०८१
चलानी नं. / Ref. No.:- ९४२
स्था.: २०७३ 2017 A.D.

### प्रस्तावना पेश गर्ने सम्वन्धी सुचना

(प्रथम पटक प्रकाशित सुचना मिती : २०८०/०५/१७)

यस तिनाउ गाउँपालिकाको आ.ब. २०८०/०८१ को स्वीकृत कार्यक्रम बमोजिम यस गाउँपालिकाको कचल स्वास्थ्य चौकी, दोभान स्वास्थ्य चौकी,कोल्डाडा स्वास्थ्य चौकी र मस्याम स्वास्थ्य चौकीको सामाजिक परिक्षण कार्यक्रम सन्चालन गर्नुपर्ने भएकाले इच्छुक फर्म, संस्था तथा प्रचलित कानुन बमोजिम दर्ता भएका संस्थाहरुले यो सुचना प्रकाशित भएको मितीले ३० (तीस) दिन भित्र तपशिलको कागजात, कोटेशन, पालिकामा सुचिदर्ता गरेको राजस्व दाखिलाको सक्लै बिल सहित यस कार्यालयको प्रशासन शाखामा प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

१) नियम अनुसार दर्ता प्रक्रिया पुरा गरी नियमित बार्षिक लेखा परिक्षण र संस्था दर्ता नविकरण गराएको हुनुपर्ने।

२) सामाजिक परिक्षण वा सामाजिक परिचालन कार्यमा कम्तीमा ३ वर्ष कार्य अनुभव भएको हुनुपर्ने ।

३) सरकारको स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया, स्वास्थ्य र सामाजिक विकासको क्षेत्रमा कार्य अनुभव भएको ।

४) आफ्नो संस्थाका कार्यक्रम र योजनाको सामाजिक परिक्षण वा सार्वजनिक सुनुवाई गरेको हुनुपर्ने ।

सामाजिक परिक्षण गर्ने परिक्षकको योग्यता :

१) न्युनतम प्रमाणपत्र तह उर्त्तिण वा सो सरहको योग्यता भएको ।

२) सामाजिक परिक्षण तालिम तथा गोष्ठी सहजीकरण कार्यमा कम्तीमा ३ वर्षको कार्यअनुभव भएको ।

३) सम्वन्धित पालिका र जिल्लाको स्वास्थ्य प्रवाह, सुविधाको बारेमा ज्ञान भएको ।

४) सामाजिक परिक्षणको प्रक्रियामा उठेका विषय र सन्दर्भलाई परिपक्व र सम्मानित रुपमा सहजीकरण गर्न सक्ने सिप र क्षमता भएको ।

२०८०/५/१८

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत


E-mail: tinaururalmunicipality@gmail.com
Phone No.: 075-413064 / 65